**कार्यपालिका बैठक संख्या नं. ५३** **स्थानः नगरपालिका भवन** **मितिः २०८२/०४/३०**

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा ।

२. कानून निर्माण सम्बन्धमा ।

३. अख्तियारी सम्बन्धमा ।

४. सैद्धान्तिक सहमति सम्बन्धमा ।

५. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ का बारेमा जानकारी सम्बन्धमा ।

६. विदुर नगरपालिका नुवाकोटलाई भगिनी सम्बन्धको प्रस्ताव पठाउने सम्बन्धमा ।

७. श्रीनगर आधुनिक बसपार्कको आय ठेक्का आव्हान सम्बन्धमा ।

८. श्रीनगर बहुउद्देश्यीय सभा हलको आय ठेक्का आव्हान सम्बन्धमा ।

९. कर्णाली प्रदेश सरकार अन्तर्गतका सामाजिक विकास कार्यालय, डिभिजन वन कार्यालय, पूर्वाधार विकास कार्यालयको आ. व. २०८२/८३ मा सञ्चालन हुने योजना तथा कार्यक्रमका सम्बन्धमा ।

१०. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव कार्यान्वयन सम्बन्धमा ।

११. अनुगमन प्रतिवेदन सम्बन्धमा ।

१२. भुक्तानी फरफारक अनुमोदन सम्बन्धमा ।

१३. वार्षिक समीक्षा कार्यक्रम सम्बन्धमा ।

१४. कार्यक्रम तथा योजनाको Post Evaluation सम्बन्धमा ।

१५. निजी अस्पतालहरुको अनुगमन पश्चात प्राप्त प्रतिवेदन सम्बन्धमा ।

१६. किसान सूचीकरण कार्यक्रम सञ्चालनका लागि वडा छनौट सम्बन्धमा ।

१७. मेलमिलाप केन्द्र स्थापना सम्बन्धमा ।

१८. इन्टरनेट सेवा, पत्रपत्रिकामा सूचना प्रकाशन, फोहरमैला व्यवस्थापन र विज्ञापन करको ठेक्का अनुमोदन सम्बन्धमा ।

१९. कर्मचारी भर्ना सम्बन्धमा ।

२०. जग्गा तथा घरभाडा सम्बन्धमा ।

२१. होर्डिङ्ग बोर्ड हटाउने सम्बन्धमा ।

२२. ट्यूसन सेन्टर, जिम हाउस र क्लब दर्ता गर्ने सम्बन्धमा ।

२३. गौशाला व्यवस्थापन सम्बन्धमा ।

२४. वाकी टाकी खरिद सम्बन्धमा ।

२५. बस्ती सम्बन्धी आधारभूत विवरण संकलन कार्य सम्बन्धमा ।

२६. अनलाईन नागरिकता सिफारिश सम्बन्धमा ।

२७. सुधारिएको चुलो वितरण सम्बन्धमा ।

२८. भूमि समस्या समाधान आयोग, ताहाचल, काठमाण्डौको ३५ दिने सूचना अनुसार निवेदन संकलन सम्बन्धमा ।

२९. कार्बन वित्त परियोजनामा सहभागिताको लागि प्रस्ताव गर्ने सम्बन्धमा।

३०. विविध ।

कार्यपालिका बैठक २०८२ श्रावण ३०

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.१**

शारदा नगर कार्यपालिकाको यस पूर्वका बैठकहरुमा गरेका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं.२**

तपसिलमा उल्लेखित कानून अर्को कार्यपालिका बैठकमा राय सहित पेश गर्ने गरी विधयेक समितिमा छलफलका लागि पठाउने निर्णय गरियो ।

१. स्वयम् सेवक परिचालन निर्देशिका, २०८२

२. छात्रवृत्ति वितरण निर्देशिका, २०८२

३. अति विपन्न तथा अभिभावक विहीन बालबालिकाका लागि आवासीय विद्यालय सञ्चालन कार्यविधि, २०८२

४. नगर बस सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

**निर्णय नं.३**

विश्व बैङ्कको आर्थिक सहयोग तथा नेपाल सरकार र प्रदेश सरकारको सहकार्यमा सञ्चालन हुन गैरहेको बृहत खानेपानीको लागि नेपाल सरकार प्रदेश सरकार तथा यस नगरपालिले सहयोग गर्ने र काम एकीकृत रुपमा एउटै खातामा जम्मा गरी काम कारबाही अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतले नगर प्रमुखबाट आफुलाई प्राप्त अख्तियारी आयोजना व्यवस्थापकका नाममा अख्तियारी दिने तथा आयोजना व्यवस्थापक पूर्ण रुपमा आयोजनाको प्रगति प्रतिवेदन नियमित रुपमा प्रमुख प्रशासकीय अधिकृतलाई पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४**

शारदा नगरपालिको सम्पूर्ण सडक तथा यातायात व्यवस्थापन, विकास योजना व्यवस्थापन र न्यायिक समितिको कार्यलाई गुणस्तरीय र परिणाममुखी बनाउन तपसीलका कार्यहरु गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो ।

(१) शारदा नगरपालिकाको सडक तथा यातायात गुरुयोजना निर्माण

(२) योजना शाखासंग सम्बन्धित सफ्टवेयर इन्स्टलेशन

(३) न्यायिक समितिसंग सम्बन्धित सफ्टवेयर इन्स्टलेशन

**निर्णय नं. ५**

नेपाल सरकारको मिति २०८२/०४/०२ को निर्णयानुसार सुदृढ, सक्षम र प्रभावकारी स्थानीय शासन स्थापित गर्न स्थानीय तहको सुशासन तथा संस्थागत सुदृढीकरण, वित्तीय व्यवस्थापन, सेवा प्रवाह र आर्थिक सामाजिक विकासमा प्राप्त उपलब्धीको मूल्याङ्कन गरी निरन्तर सुधारका लागि सहयोग र सहजीकरण गर्न हाल अभ्यासमा रहेका 'स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७', स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन कार्यविधि, २०७७' र 'स्थानीय तह आर्थिक विकास मूल्यांकन कार्यविधि, २०७७' को एकीकरण तथा परिमार्जन गरी आर्थिक वर्ष २०८२/८३ देखि कार्यान्वयन हुने गरी सार्वजनिक गरिएको 'स्थानीय शासन कार्यसम्पादन मूल्यांकन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२' का बारेमा छलफल गरियो ।

**निर्णय नं. ६**

ऐतिहासिक सम्बन्ध रहेको सल्यान जिल्लाको खलंगा बजार र नुवाकोट जिल्लाको विदुर बीचमा आपसी सहकार्य, साँस्कृतिक आदानप्रदान र भाइचारा निर्माणका लागि शारदा नगरपालिका, सल्यान र विदुर नगरपालिका, नुवाकोट बीच भगिनी सम्बन्धका कायम गर्न विदुर नगरपालिका, नुवाकोटलाई प्रस्तावना पठाउने निर्णय गरियो ।

कार्यपालिका बैठक २०८२ श्रावण ३०

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ७**

यस नगरपालिकाको गौरवको आयोजनाको रुपमा रहेको श्रीनगर बसपार्कको निर्माण कार्य सम्पन्न भएकोले यसै आर्थिक वर्ष २०८२/८३ बाट आन्तरिक आय वृद्धि गर्ने प्रयोजनार्थ राजश्व इकाईबाट प्राप्त राजश्व अनुमान सहितको आम्दानी विवरण टिप्पणी स्वीकृत गर्नुका साथै शारदा नगरपालिका आर्थिक ऐन, २०८२/८३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही आय ठेक्काको सूचना आव्हान गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो।

**निर्णय नं. ८**

शारदा नगरपालिका वार्ड नं १ मा रहेको श्रीनगर बहुउद्देश्यीय सभा हलको निर्माण कार्य सम्पन्न भएकोले यसै आर्थिक वर्ष २०८२/८३ बाट आन्तरिक आय वृद्धि गर्ने प्रयोजनार्थ शारदा नगरपालिका आर्थिक ऐन, २०८२/८३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही आय ठेक्काको सूचना आव्हान गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.९**

कर्णाली प्रदेश सरकार मातहतका जिल्ला स्थित तपसीलका कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा यस नगरपालिका क्षेत्रमा सञ्चालन गर्ने कार्यक्रमका बारेमा यस नगरपालिकालाई जानकारीका लागि पठाएका पत्रका उपर छलफल भयो। उक्त कार्यालयहरुलाई नगर कार्यपालिकाको कार्यालयमा निमन्त्रणा गरी भावी कार्ययोजना र सहकार्यका बारेमा छलफल गर्ने निर्णय गरियो।

तपसीलः

१. सामाजिक विकास कार्यालय, सल्यान
२. डिभिजन वन कार्यालय, सल्यान
३. पूर्वाधार विकास कार्यालय, सल्यान
४. खानेपानी सिंचाई तथा ऊर्जा विकास कार्यालय, सल्यान
५. कृषि विकास कार्यालय, सल्यान
६. पशु अस्पताल तथा पशु सेवा कार्यालय, सल्यान

साथै सामाजिक विकास कार्यालयको आर्थिक वर्ष २०८२/८३ योजना तथा कार्यक्रम अनुसार यस शारदा नगरपालिका वार्ड नं ४ मा रहेको स्वास्थ्य चौकी निर्माणका लागि पिपलनेटा स्वास्थ्य चौकीका नाममा रु ५० लाख र सेजुवाल टाकुरा स्वास्थ्य चौकीका नाममा रु ४० लाख एकै स्थानमा रहेको स्वास्थ्य चौकीका लागि फरक फरक विनियोजन भएकोले त्यस मध्ये सेजुवाल टाकुरा स्वास्थ्य चौकीका नाम विनियोजन भएको रु ४० लाख लाई यसै नगरपालिकाको वार्ड नं १५ मा रहेको डाँडागाउँ स्वास्थ्य चौकीको भवन निर्माणका लागि संसोधन तथा रकमान्तरका लागि सामाजिक विकास कार्यालय मार्फत कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. १०**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विभिन्न समय समयमा यस नगरपालिकालाई प्राप्त उजुरी सम्बन्धी पत्रहरुको बारेमा बैठकमा छलफल भई यसको प्रभावकारी कार्यान्वयन गर्ने प्रतिवद्धता जाहेर गर्ने निर्णय गरियो।

**निर्णय नं.११**

शारदा नगरपालिकाका उपप्रमुख सुस्मिता सापकोटा सुनारले पेश गर्नु भएको २०८२ असार मसान्तसम्मको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं.१२**

आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार हालसम्म भएको फरफारक (खर्च तथा भुक्तानी) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ (२ङ) बमोजिम अनुमोदन गर्ने निर्णय गरियो। जसमा चालु तर्फ रु.



ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

४२,८२,१८,७५३।२६ (८३.७१ प्रतिशत) पूँजीगत तर्फ रु. १५,२४,२१,५६६।०० (८८.५ प्रतिशत) र समग्रमा ५८,०६,४०,३१९।२६ (८४.९१ प्रतिशत) रहेको छ।

**निर्णय नं.१३**

यस नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक समीक्षा २०८२ भाद्र १७ र १८ गते नगरपालिकाको सभाहलमा गर्ने निर्णय गरियो।

**निर्णय नं.१४**

यस नगरपालिकाले विगत ३ आर्थिक वर्षदेखि सञ्चालन गरेका विकास निर्माण योजना तथा कार्यक्रमको प्रभावकारिता अध्ययन गर्न प्रत्येक विषयगत समितिले मातहतका शाखा इकाई तथा वडा कार्यालयहरुको समन्वयमा अनुगमन गरी अर्को कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. १५**

शारदा स्वास्थ्य सेवा ऐन, २०७७ र स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०७८ बमोजिम गठित समितिले २०८२ श्रावण १२ र १५ गते यस नगरपालिकाको कार्यक्षेत्र श्रीनगर सल्यानमा सञ्चालित ५ र १५ शैयाका अस्पतालहरुको अनुगमन गरी पेश गरेको प्रतिवेदन उपर छलफल भयो। सो सम्बन्धमा अनुगमन समितिले दिएको सुझावका आधारमा आगामी भाद्र मसान्तसम्म अस्पतालको भौतिक, जनशक्ति तथा अन्य मापदण्ड पुरा गर्न पत्राचार गर्ने र तोकिएको सो अवधिमा मापदण्ड पुरा गर्न नसक्ने अस्पताललाई कारवाही प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं. १६**

संघीय शसर्त अनुदान तर्फको किसान सूचीकरण कार्यक्रम किसान सूचीकरण कार्यान्वयन कार्यविधि, २०७७ बमोजिमको किसान सूचीकरण कार्यक्रम कार्यान्वयन तथा समन्वय समितिको सिफारिश अनुसार यस आर्थिक वर्ष २०८२/८३ मा वडा नम्बर १, ६, ७ र १३ मा सञ्चालन गर्ने तथा अन्य वडाहरुको बाँकी रहेको काम सम्पन्न गर्ने निर्णय गरियो।

**निर्णय नं.१७**

मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ को दफा ३ बमोजिम न्यायिक समितिको क्षेत्राधिकार भित्रका विवाद मेलमिलाप प्रक्रियाद्वारा समाधानमा सहयोग पुऱ्याउन प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गर्ने र त्यसमा आवश्यक पर्ने फर्निचर तथा अन्य सामाग्री व्यवस्थापनका गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.१८**

आर्थिक वर्ष २०८२/८३ मा यस शारदा नगरपालिकाको सेवा प्रवाहलाई चुस्त, नागरिक मैत्री, विश्वसनीय, गुणस्तरीय र भरपर्दो बनाउन नगरपालिकालाई आवश्यक विभिन्न सेवाहरु जस्तै इन्टरनेट सेवा, पत्रपत्रिकामा सूचना प्रकाशन, फोहरमैला व्यवस्थापन र विज्ञापन करका सम्बन्धमा विभिन्न समयमा सूचना प्रकाशन गरी आव्हान गरिएका ठेक्का तथा प्रस्तावना अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं.१९**

संघीय अनुदान चालु तर्फ तथा नगर सभाको १७औं अधिवेशनबाट स्वीकृत दरबन्दी अनुसार यस नगरपालिकालाई आवश्यक पर्ने तपसिलका कर्मचारी भर्नाका लागि प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृत लाई निर्देशन दिने निर्णय गरियो।

| सि.नं. | पद | पद संख्या | करार प्रकृति | तलब सुविधा | कैफियत |
|---|---|---|---|---|---|
| १ | जनस्वास्थ्य निरीक्षक | १ | मासिक तलब पाउने गरी | अधिकृत तह सातौं तह | संघीय |
| २ | बेरुजु व्यवस्थापक | १ | मासिक तलब पाउने गरी | सहायक पाँचौ सरह | आन्तरिक |
| ३ | पशु सेवा प्राविधिक | ३ | मासिक तलब पाउने गरी | सहायक चौथो सरह | |

कार्यपालिका बैठक २०८२ श्रावण ३०

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | योग प्रशिक्षक | १ | मासिक तलब पाउने गरी | सहायक चौथो सरह | |
| ५ | खेलकुद शिक्षक (भलिबल) | २ | मासिक तलब पाउने गरी | नगरपालिका अनुदान शिक्षक सरह | |
| ६ | इलेक्ट्रेसियन | १ | बार्षिक करार सम्झौता | ७५ हजार बार्षिक | |
| ७ | पलम्बर | १ | बार्षिक करार सम्झौता | ६० हजार बार्षिक | |

**निर्णय नं.२०**

आर्थिक वर्ष २०८२/०८३ का लागि यस नगरपालिका भित्र चल्ने साना सवारी साधन तथा अटो रिक्साको पार्किङ्ग व्यवस्थापन गर्न भाडामा लिइएका जग्गा तथा नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्य नसकिएकोले कार्यालय प्रयोजनका लागि भाडामा लिइएका घरहरु, नगर प्रमुख निवास, विपद् सामाग्री गोदाम घर, शहरी स्वास्थ्य केन्द्र, औषधी गोदाम, गाउँघर क्लिनिक तथा खोपकेन्द्रका लागि भाडामा लिइएका घरहरुलाई पुनः भाडामा लिन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने साथै नगरपालिकाको काममा अहोरात्र खटिरहने प्रमुख प्रशासकीय अधिकृतलाई नगरपालिकाको तर्फबाट आवास सुबिधा उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं.२१**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा विज्ञापन नियमित गर्ने ऐन, २०७६ को दफा ४ बमोजिम कुनै पनि व्यक्ति संस्था निकाय कम्पनीले होर्डिङ्ग वोर्डबाट विज्ञापन गर्दा नगरपालिकासंग कुनै पनि अनुमति लिएको अभिलेखबाट देखिन नआएकोले शहरी सुन्दरतालाई ध्यानमा राखी नगर क्षेत्र भित्रका सार्वजनिक तथा निजी घरका छत तथा जमिनमा रहेका सबै होर्डिङ्ग वोर्ड सूचना प्रकाशनको मितिले ७ दिन भित्र हटाउने निर्णय गरियो।

**निर्णय नं. २२**

शारदा नगरपालिका भित्र कानूनी रुपमा दर्ता नभई सञ्चालनमा रहेका ट्यूशन सेन्टर, जिम हाउस र क्लबहरुलाई २०८२ भाद्र मसान्तसम्म दर्ता भई सञ्चालन गर्ने गरी सूचना आव्हान गर्ने र सो समय सीमाभित्र दर्ता हुन नआउनेलाई कानून बमोजिम कार्वाही गर्ने निर्णय गरियो।

**निर्णय नं.२३**

आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेटबाट गौशाला व्यवस्थापन शीर्षकमा विनियोजित बजेटबाट यस नगरपालिका मातहत वार्ड नं ११ खैरावाङ्गमा सञ्चालित गौशालामा कार्यरत गोठाला तथा पशु चौपायालाई आवश्यक घाँस, पराल र दाना व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. २४**

शारदा नगरपालिका भित्र कार्यरत नगर प्रहरीलाई सूचना आदान प्रदान तथा कार्य सञ्चालनमा सहयोग पुग्ने गरी तपसील अनुसारको विस्तृत विवरण भएको Walkie Talkie खरिद गर्ने निर्णय गरियो।

तपसीलः

ICOM POC Radio IP503H Push-to-talk instant communications wide area coverage over LTE (4G) AND 3G network talk and listen simultaneously: full-Duplex conversation High-quality audio through powerful 900MW Speaker.

**निर्णय नं. २५**

शहरी विकास मन्त्रालयको अगुवाईमा UN-Habitat Nepal ले शहरी बस्ती सम्बन्धि ढाँचाको मूल्याङ्कन गरिरहेको र यस ढाँचा हाम्रो नगरव्यापी समावेसी सरसफाईसंग पनि केहि हदसम्म आधारित हुन सक्ने भएकोले यस नगरपालिकाको वार्ड नं १ को श्रीनगर बजार क्षेत्रमा सर्वेक्षण गर्ने निर्णय गरियो।

कार्यपालिका बैठक २०८२ श्रावण ३०

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. २६**

नेपाल सरकारले स्थानीय तहहरुसंगको सहकार्यमा प्रयोगमा ल्याएको अनलाइन नागरिकता सिफारिशलाई २०८२ भाद्र १ गतेबाट पूर्णरुपमा लागु गर्ने र अब उप्रान्त अफलाइन नागरिकता सिफारिश नगर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

शारदा नगरपालिका र ECCA Nepal को सहकार्यमा यस नगरपालिका भित्रका अति विपन्न परिवारका ६५०० घरधुरीलाई वितरण गर्ने निर्णय गरियो । यसरी वितरण हुने घरधुरीको विवरण संकलन गर्न प्रत्येक वडा अध्यक्षले एक जना स्थानीय तथ्यांक संकलक नियुक्तिका सिफारिश गर्ने र अन्य आवश्यक सहजीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८**

कार्यपालिकाको मिति २०८२ असार २० गतेको कार्यपालिकाको बैठकको निर्णयानुसार २०८२ असार ३२ गते सम्म वडा कार्यालयमा संकलन गर्न भनी सूचना प्रकाशन भए पनि नेपाल सरकार, भूमि समस्या समाधान आयोगको मिति २०८२ श्रावण ३० गते पुनः अन्तिम पटकका लागि प्रकाशित विगतका आयोग, समिति र कार्यदलका बाँकी कामका लागि निवेदन दिने सम्बन्धी ३५ दिने सूचना अनुसार यस नगरपालिकामा पूर्व सूचना अनुसार संकलन भएका निवेदनका अतिरिक्त सो कार्यलाई अगाडि बढाउनका लागि प्रत्येक वडाहरुमा पुनः निवेदन संकलन गर्ने गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९**

च्याउ बायो टेक्नोलोजीज प्रा. लि. र फ्रेन्डस हान्डस  नेपाल सँग त्रिपक्षीय सहकार्यमा, यस शारदा नगरपालिका अन्तर्गत संभावित क्षेत्रगत गतिविधिहरू (जस्तै ऊर्जा, फोहोर व्यवस्थापन, कृषि लगायत) मा ग्रीनहाउस ग्यास न्यूनीकरण परियोजनाहरू विकास गर्ने उद्देश्य पुरा गर्न नेपाल सरकारको वातावरण संरक्षण ऐन र वातावरण संरक्षण नियमावली अनुसार जलवायु परिवर्तन न्यूनीकरणका लागि कार्बन वित्त अन्तर्गतको परियोजनामा सहभागिता जनाउने निर्णय गरियो । तथा यस परियोजनामा यस शारदा नगरपालिकाको तर्फबाट आवश्यक डेटा, प्रारम्भिक सूचना, तथा स्थानीय संयोजनको लागि समर्थन प्रदान गर्ने र परियोजनाबाट आउने संभावित कार्बन क्रेडिट तथा वातावरणीय लाभ यस नगरपालिकाको विकास प्राथमिकतासँग मिल्नेछ भन्ने विश्वास लिएको छ भन्ने जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. ३०**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो ।

(क) नगर प्रमुख श्री प्रकाश भण्डारीको काठमाण्डौ तथा जापानको व्यक्तिगत यात्रालाई अनुमोदन गर्ने ।

(ख) विगत ५ वर्ष देखि यस नगर कार्यपालिकाको कार्यालयमा सूचना प्रविधि अधिकृतको रुपमा कार्यरत श्री नवीन मल्ल रोजगारी तथा अध्ययनको शिलसिलामा राजिनामा दिनु भएकोले निजको उज्ज्वल भविष्यको कामना सहित शारदा नगरपालिकालाई गरेको योगदानको लागि धन्यवाद दिने ।

(ग) कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी दर्ता खारेजीका लागि कुनै शेयरधनी वा सञ्चालक आफै कार्यालयमा उपस्थित भई सनाखत गर्न असमर्थ भएको अवस्थामा आफुलाई पायक पर्ने जुनसुकै नगरपालिकाको प्रमुख वा उपप्रमुखको रोहवरमा सनाखत गरेको हुनुपर्ने व्यवस्था कम्पनी निर्देशिका, २०७२ को दफा ६६ उपदफा ३ मा रहेको हुँदा सो कार्यान्वयनका लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको मिति २०८२/०२/२२ च. न. ३२७ पत्रबाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत अनुरोध भई आएकोले सो व्यहोराको जानकारी गराउने ।

(घ) शहिद नेत्रलाल बहुउद्देश्यीय प्राविधिक शिक्षालयमा विपन्न परिवारका २ जना विद्यार्थीलाई पशु विज्ञान विषयमा छात्रवृत्ति उपलब्ध गराउन कानूनी प्रक्रिया अगाडि बढाउने ।

कार्यपालिका बैठक २०८२ श्रावण ३०

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत